# सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७४।०८।१२)

नेपाल विद्युत प्राधिकरण ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभाग अन्तर्गतका कार्यालयहरुमा तह-३ का सवारी चालकको कार्य ठेक्कामा गराउनु पर्ने भएकोले त्यस्ता कामदार आपूर्ति गर्नका लागि नेपाल सरकारबाट इजाजत प्राप्त सेवा प्रदायक संस्था/कम्पनी/फर्मबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र फाराम दाखिला गर्न आह्वान गरिन्छ ।

**शर्तहरु:**

१. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्रौं) दिन** (सो दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) **सम्ममा** कार्यालय समय भित्र नेपाल विद्युत प्राधिकरण, ईन्जिनियरिङ्ग सेवा निर्देशनालय को बैक अफ काठमाण्डौको धरौटी खाता नं. ०१०००००४१३५०-५२४ मा जम्मा गरेको रु. १०००।-को सक्कल बैंक भौचर पेश गरी ईन्जिनियरिङ्ग सेवा निर्देशनालय,आयोजना विकास विभाग,प्रशासन शाखाबाट खरीद गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम खरीद गर्न फर्म, संस्था वा कम्पनीको दर्ता नवीकरण इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता वा कर दाखिलाको प्रमाणित प्रतिलिपी संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले **१६ (सोह्रौं) दिन** (सो दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) **दिउंसो १२:०० बजे सम्ममा** यस ईन्जिनियरिङ्ग सेवा निर्देशनालय,आयोजना विकास विभाग,प्रशासन शाखामा दर्ता गर्नु पर्नेछ । रीतपूर्वक दर्ता भएको सिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको **१४:०० बजे** सम्बन्धित दरभाउपत्रदाताहरुको रोहवरमा (उपस्थित नभए पनि) खोलिनेछ ।

४. दरभाउपत्र फाराम साथ जमानत वापत (विडवण्ड) रु. २६,५००।- को बैक अफ काठमाण्डौ स्थित यस ईन्जिनियरिङ्ग सेवा निर्देशनालयको धरौटी खाता नं.०१०००००४१३५०-५२४ मा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा सो बराबरको नेपाल स्थित कुनै वाणिज्य बैंकबाट वोलपत्र आव्हान गर्ने कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद तथा अतिरिक्त ३०(तीस) दिन गरी जम्मा १०५ दिन मान्य अवधि भएको बिना शर्तको बैंक जमानीपत्र अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ ।

५. दरभाउपत्रले कबोल गरेको इकाई दररेट तथा कूल रकम, अंक र अक्षरमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ ।

६. सिलबन्दी दरभाउपत्र फारामको खाम बाहिर यस ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभागको नाम, दरभाउपत्र नं. र कार्य विवरणको नाम स्पष्ट रुपमा लेख्नु पर्नेछ । दरभाउपत्रमा, दरभाउपत्रदाताको नाम, ठेगाना, दस्तखत र छाप अनिवार्य रुपमा हुनु पर्नेछ ।

७. हुलाक, कुरियर, ई-मेल वा फ्याक्सबाट प्राप्त दरभाउपत्र फारामलाई मान्यता दिइने छैन । म्याद नाघेको वा रीत नपुगेको वा एउटाको नाममा खरीद भई अर्काको नाममा दर्ता हुन आएको दरभाउपत्र फारामलाई मान्यता दिइने छैन ।

८. दरभाउपत्र फाराम आंशिक वा पूर्णरुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार यस ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभागमा सुरक्षित रहनेछ ।

९. अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

१०. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र यस ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभागमा सम्पर्क गरी तथा नेपाल विद्युत प्राधिकरणको Website: eproc.nea.org.np मा समेत हेर्न र बुझ्न सकिनेछ ।

| **सिलबन्दी दरभाउपत्र नं.** | **कार्य विवरण** | **दरभाउपत्र खरीद गर्न पाउने स्थान र अन्तिम मिति** | **दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति, स्थान र समय** | **विडवण्ड रकम रु.** | **वैंक र खाता नं.** |
|---|---|---|---|---|---|
| **NEA-PDD-2074/75-Q01** | तह-३ का सवारी चालक आपूर्ति गर्ने कार्य | ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभाग मिति २०७४।०८।२६ कार्यालय समय भित्र | ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभाग मिति २०७४।०८।२७ **दिउंसो १२:०० बजे सम्ममा** | रु.२६,५००।- | बैक अफ काठमाण्डा धरौटी खाता नं.०१०००००४१३५०-५२४ |

**नेपाल विद्युत प्राधिकरण**

ईन्जिनियरिङ्ग सेवा निर्देशनालय

आयोजना विकास विभाग

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

ईन्जिनियरिङ्ग सेवा निर्देशनालय

आयोजना विकास विभाग

**दरभाउपत्र पत्र नं. : NEA-PDD-074.75-Q01........................**

**कार्य विवरण : तह-३ का सवारी चालक कर्मचारी उपलब्ध गराउने ।**

**दरभाउपत्र खरीद गर्ने अन्तिम मिति :२०७४।०८।२६ गते दिनको ४:०० बजेसम्म ।**

**दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति :२०७४।०८।२७ गते दिउँसो १२:०० बजेसम्म ।**

**दरभाउपत्र खोल्ने मिति र समय : २०७४।०८।२७ गते दिउँसो ०२:०० बजे ।**

**स्थान : आयोजना विकास विभाग**

**दरभाउपत्र दाताको नाम :** ..................................................

**दरभाउपत्र दाताको ठेगाना :** ..................................................

**पो.ब.नं./टेलिफोन नं./फ्याक्स नं. :**

**इमेल ठेगाना :**

**रसिद नं./वैंक भौचर नम्वर, दाखिला मिति र वैंक :**...................................

**दरभाउपत्र बिक्री मिति :** ......................................

**दरभाउपत्र बिक्री गर्नेको दस्तखत :** ...................................

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

श्री निर्देशकज्यू,
आयोजना विकास विभाग ,
नेपाल विद्युत प्राधिकरण ।

महोदय,

१. मैले/हामीले शिलवन्दी दरभाउपत्रसाथ उल्लेख भएको कार्य विवरणको शर्तहरु, परिमाणको मूल्यपत्र आदि कागजातहरु राम्रोसँग जाँच तथा अध्ययन गरेपछि म/हामी तल सहीछाप गर्नेले रु. … … … … … … … … … … (अक्षरेपी … … … … … … … … … … … … … … … …) मा उल्लेखित शर्तहरु, परिमाणको मूल्य पत्र आदि अनुसार सम्पूर्ण कार्य पूरा गर्न मञ्जुरी जनाई यो प्रस्ताव पेश गरेको छु/गरेका छौँ ।

२. मैले/हामीले प्रस्ताव दिने बारेको निर्देशन तथा शर्तहरुमा उल्लेखित सबै बुँदाहरु अध्ययन गरी निर्देशन तथा शर्तहरु र परिमाणका मूल्यपत्रको पालना गर्न मञ्जुर गर्नुका साथै सो अनुसार कार्यान्वयन हुनेछ भन्ने कुरा राम्रोसँग बुझेको छु/छौं ।

३. मेरो/हाम्रो प्रस्ताव स्वीकृत भएमा त्यस कार्यालयबाट दिइने अभिप्रायपत्र (लेटर अफ इन्टेण्ट) द्वारा निर्धारित समयमा तोकिएको परफरमेन्स बण्ड सहित ठेक्का सम्झौता गर्न उपस्थित हुनुको साथै सेवा करार सम्झौताका शर्तहरु निर्धारित समयमा सम्पन्न गर्नु पर्नेछ भन्ने कुरा बुझेको छु/छौं ।

४. सेवा करार/सम्झौता नभएसम्म यो प्रस्तावमा स्वीकृति जनाइएका विषयहरु सेवा करार सम्झौताको अभिन्न अङ्ग मानिने छ ।

५. बिना कारण जनाई आंशिक वा पूरा प्रस्ताव स्वीकृत गर्ने सम्पूर्ण अधिकार त्यस कार्यालयलाई सुरक्षित रहेको कुरा मैले बुझेको छु/छौं ।

६. प्रस्तावमा उल्लेखित सम्पूर्ण शर्तहरु पालना गर्न म/हामी मन्जुर छु/छौं ।

प्रस्तावदाताको नाम (फर्म /संस्था/कम्पनी) :

स्थायी ठेगाना :

पत्राचार गर्ने ठेगाना :

फोन/फ्याक्स नं., पो.ब.नं. :

इमेल ठेगाना :

फर्मको छाप :

…………………………

(आधिकारिक व्यक्तिको हस्ताक्षर)
नाम :
दर्जा:

मिति :

संस्था/फर्म/कम्पनीको छाप:

## तह-३ का सवारी चालक आपूर्ति गर्ने  प्रस्ताव :

**प्रस्तावना:** उपभोक्ता वर्गहरुलाई विश्वासिलो, भरपर्दो, नियमित, सरल एवम् सहज वातावरणमा कम खर्चमा गुणस्तरीय र दीगो सेवा लिन दिन सकियोस भन्ने उद्येश्य राखि नेपाल विद्युत प्राधिकरणले यस अन्तर्गत विभिन्न कार्यालयहरुमा सवारी चालकको कार्य गर्ने **तह-३ का सवारी चालक**को सेवा करारबाट कामदार आपूर्ति गर्न चाहने नेपाल सरकारबाट यस्ता जनशक्ति आपूर्ति गर्न इजाजतपत्र प्राप्त गरेका सेवा प्रदायक संस्था/फर्म/कम्पनीहरुबाट शिलवन्दी दरभाउपत्र/वोलपत्र प्रस्ताव माग गरिएको छ ।

### १. परिभाषाः

क) "ऐन" भन्नाले नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ सम्झनु पर्दछ ।

ख) "प्राधिकरण" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापित नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ । सो शव्दले प्राधिकरण मातहतका विभिन्न निर्देशनालयहरु र अन्तर्गतका कार्यालयहरु, क्षेत्रीय कार्यालयहरु, उत्पादन केन्द्रहरु, आयोजनाहरु एवं स्थानीय स्तरमा रहेका वितरण केन्द्रहरुलाई समेत जनाउनेछ ।

ग) "मुख्य प्रशासकीय अधिकृत" भन्नाले ऐनको दफा १७ बमोजिम नियुक्त महाप्रवन्धक वा साधारण सभा नभएसम्मका लागि नेपाल सरकारबाट नियुक्त कार्यकारी निर्देशकलाई सम्झनु पर्दछ ।

घ) "कार्यालय" भन्नाले नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०६२ (संशोधन सहित) को अनुसूची-२ बमोजिमका कार्यालयहरु सम्झनु पर्दछ ।

ङ) "कार्यालय प्रमुख" भन्नाले नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०६२ (संशोधन सहित) को अनुसूची-२ बमोजिमका कार्यालयहरुको प्रमुख सम्झनु पर्दछ ।

च) "कामदार" भन्नाले प्रस्तावदाताले करार बमोजिम आपूर्ति गरेका काम गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

छ) "ग्राहक" भन्नाले नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०६९ बमोजिम प्राधिकरणले वितरण गरेको विद्युत सेवा उपभोग गर्ने ग्राहकहरुको सूचीमा नाम दर्ता भएको व्यक्ति वा संस्था सम्झनु पर्दछ । सो शव्दले विद्युत लाईन लिन आवेदन दिई प्राधिकरणबाट मिटर जडान गर्न स्वीकृति प्रदान गरेको व्यक्ति, कार्यालय वा संघ संस्थालाई समेत जनाउँदछ ।

ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस दरभाउपत्र/बोलपत्र तथा सम्झौतामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

झ) "लाइन" भन्नाले नेपाल विद्युत प्राधिकरणले विद्युत प्रशारण तथा वितरणका लागि प्रयोगमा ल्याएको विद्युत लाइन तथा सोसँग सम्वन्धित संरचना समेतलाई जनाउँदछ ।

ञ) "सवारी साधन" भन्नाले नेपाल विद्युत प्राधिकरणको आफ्नो स्वामित्वमा रहेको तथा प्राधिकरणले आफ्नो प्रयोजनको लागि भाडा/ठेक्कामा लिएको सवारी साधन समेतलाई जनाउँदछ ।

### २. प्रस्ताव सम्वन्धी निर्देशन तथा शर्तहरुः

#### २.१ प्रस्तावको आधार

प्रस्ताव दिने वारेको निर्देशन तथा शर्तहरु निम्नानुसारका कागजातहरुको आधारमा कार्यान्वयन गरिनेछ ।

क) प्रस्ताव,

ख) करार सेवाका शर्तहरु,

ग) परिमाणको इकाई दररेट,

घ) तह-३ का सवारी चालकको लागि आवश्यक न्युनतम योग्यता,

ङ) तह-३ का सवारी चालकले गर्नुपर्ने कार्यहरु,

च) करार सम्बन्धी मुख्य मुख्य शर्तहरु,

छ) प्रस्तावमा उल्लेखित अन्य शर्तहरु,

ज) प्रस्तावदाताले उल्लेखित कामदारसँग गरिएको कार्य सम्पादन करारका शर्तहरु ।

### २.२ प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरुः

क) प्रस्ताव अनुसारका जनशक्ति आपूर्ति सम्वन्धी कार्यको लागि इजाजत प्राप्त संस्था, कम्पनी वा फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ख)	संस्था/ कम्पनी/ फर्म आयकर दर्ताको स्थायी लेखा नम्बर (PAN) र मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ग)	गत आ.ब. सम्मको कर चुक्ता प्रमाणपत्र वा गत आ.ब. सम्मको कर विवरण दाखिला गरेको प्रमाणको प्रमाणित प्रतिलिपी ।

घ)	प्रस्तावदाताले प्रतिनिधि तोकेको भए सोको अख्तियारनामाको सक्कल पत्र ।

३.	**प्रस्तावको तयारीः**

प्रस्ताव र सो सम्बन्धी अन्य कागजातहरु स्पष्ट नभएमा नेपाल विद्युत प्राधिकरण., ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभाग बाट लिखित वा मौखिक जानकारी लिई प्रस्ताव दाखिला सकिनेछ ।

४.	**कार्य परिमाणको व्याख्याः**

परिमाण र इकाई दररेट भन्नाले प्रस्तावमा अंकित परिमाण (आपूर्ति गरिने क्षेत्रगत कामदार संख्या) र सोको इकाई दरलाई बुझाउँछ । ठेकेदारले वोल कवोल गरेको प्रति कामदारको मासिक ज्याला दररेट कायम हुने गरी कामदार संख्या थपघट, हेरफेर वा रद्ध गर्न सकिनेछ । ठेकेदारले पूरा गरेको वास्तविक कार्य परिमाणको आधारमा नेपाली मुद्रामा चेकबाट मात्र रकम भुक्तानी गरिनेछ ।

५.	**प्रस्ताव दाखिला गर्न लागेको खर्चः**

प्रस्ताव तयार गरी दाखिला गर्न लागेको सम्पूर्ण खर्च प्रस्तावदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

६.	**प्रस्तावमा भर्नेः**

प्रस्तावदाताले कार्यालयबाट प्राप्त गरेको फाराममा लेखिए बमोजिम सबै कुराहरु खुलाई प्रत्येक पानामा सही छाप गर्नु पर्दछ । प्रस्ताव फाराम साथ आवश्यक सबै कागजातहरु पेश गर्नुपर्नेछ । परिमाणको मूल्यपत्रमा निर्दिष्ट स्थानमा तह/पद अनुसार प्रति कामदारको मासिक ज्यालादर र कूल ज्याला रकम, औषधि उपचार विमा प्रिमियम र दुर्घटना विमा प्रिमियम अनुसूची (३) को ढाँचामा अंक तथा अक्षरमा प्रष्टसँग लेखिएको हुनुपर्दछ । दररेट भर्दा नेपाल सरकारद्वारा निर्दिष्ट गरिएका सम्पूर्ण करहरु समावेश गरी नेपाली मुद्रामा भर्नुपर्नेछ ।

७.	**प्रस्तावको वस्तु स्थितिबारे जानकारी :**

प्रस्तावदाताले सामूहिक रुपमा अन्य संस्था/फर्म/कम्पनीहरुसँग साझेदारी वा संयुक्त उपक्रममा ठेक्का गर्न खोजेको भए यस्तो प्रस्तावित संगठनको विस्तृत विवरण दिनुपर्नेछ । यस्तो साझेदारी संस्था/फर्म/कम्पनी मध्ये कुन संस्था/फर्म/कम्पनीले नेतृत्वदायी भूमिका निर्वाह गर्ने हो र यस प्रस्तावका सम्वन्धमा दायित्व के, कसरी र कति कसले वहन गर्ने हो, सो समेत खुलाई सम्वन्धित सबै पक्षले प्रमाणित गरी पेश गर्नुपर्दछ ।

८.	**शिलवन्दी दरभाउपत्रको प्रस्ताव मान्य हुने अवधि :**

दरभाउपत्रको प्रस्तावको मान्य अवधि ७५ दिनको हुनेछ । यस्तो अवधिको गणना दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट प्रारम्भ हुनेछ । कार्यालयले दरभाउपत्र खोलेपछि दरभाउपत्र मान्य हुने अवधि बढाउनुपर्ने भएमा सोको कारण खुलाई आवश्यकतानुसार दरभाउपत्र मान्य हुने अवधि बढाउन सक्नेछ । यसरी दरभाउपत्रको अवधि बढाउादा दरभाउपत्रदाताको मञ्जुरी लिइनेछ ।मन्जुरी नदिने दरभाउपत्रदाताको जमानत फिर्ता गरिने छ । दरभाउपत्रको मान्य हुने अवधि बढाउन मञ्जुर गर्ने दरभाउपत्रदाताले वोलपत्र जमानतको अवधि दरभाउपत्र मान्य हुने अवधि बढाए जत्तिकै अवधि बढाउनुपर्नेछ ।

९.	**शिलवन्दी दरभाउपत्रको जमानत**

दरभाउपत्रको प्रस्तावको फारामसाथ जमानत (विडवण्ड) वापत रु. २६,५००।-को बैक अफ काठमाण्डौ स्थित यस ईन्जिनियरिङ्ग सेवा निर्देशनालय को धरौटी खाता नं.०१०००००४१३५०-५२४ मा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा सो बराबरको नेपाल स्थित कुनै वाणिज्य बैंकबाट दरभाउपत्र आव्हान गर्ने कार्यालयको नाममा जारी भएको कम्तीमा १०५ दिन मान्य अवधि भएको बिना शर्तको बैंक जमानीपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ । प्रस्ताव स्वीकृत नभएको खण्डमा प्रस्तावदाताको विडबण्ड फिर्ता दिइनेछ । तर यस्तो विडवण्ड रकम प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताले परफरमेन्स बण्ड जम्मा गरी सेवा करार सम्झौता गरेपछि मात्र विडवण्ड फिर्ता दिइनेछ ।

१०. **<u>कामदारको लागि आवश्यक न्युनतम योग्यता:</u>**
सेवा करारमा लिनुपर्ने जनशक्तिको आवश्यक शैक्षिक योग्यता **अनुसूचि १** मा समावेश रहेको छ ।

११. **सवारी चालक तह ३ का कामदारले गर्नुपर्ने कार्यहरुः**
सेवा करारमा लिनुपर्ने जनशक्तिको कार्य विवरण **अनुसूचि २** मा समावेश रहेको छ ।

१२. **<u>ठेक्का सम्झौता बमोजिमको कार्य गर्नको लागि मुख्य मुख्य शर्तहरुः</u>**

क) भ्याटमा दर्ता नभएका प्रस्तावदाताहरुले करार गर्नु भन्दा अगाडि तोकिएको म्याद भित्रमा भ्याट दर्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ । अन्यथा निजको प्रस्ताव रद्ध गरिनेछ ।

ख) प्रस्ताव स्वीकृत भए पछि सेवा करार सम्झौता गर्नुपूर्व सम्झौता अवधिको लागि कवोल गरेको रकमको ५ प्रतिशतका दरले हुन आउने रकम नगद वा प्राधिकरणको नाममा जारी गरिएको (सम्झौता अबधि समाप्त हुने मिति भन्दा तीन महिना पछि सम्म अवधि भएको) शर्त रहित बैंक जमानीको सक्कल प्रति पेश गर्नु पर्नेछ । यसरी जमानत दाखिला गर्दा लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अंक कवोल गरेमा कबुल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पाँच प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत राख्नुपर्नेछ । साथै कामदारलाई कामको सिलसिलामा प्राधिकरणबाट उपलब्ध गराइएका उपकरणहरुको जमानतको लागि करार गर्नु भन्दा पहिले त्यस्ता उपकरणहरुको खरीद मूल्यको दश प्रतिशतले हुने रकम वरावरको बैंक दाखिला भौचर वा वैंक जमानीपत्र समेत पेश गर्नुपर्नेछ ।

ग) करार बमोजिम प्राधिकरणमा कार्य गर्ने कामदारले आफूलाई तोकिएको काम कर्तव्य र अधिकार बाहेकका अन्य कार्यहरु गर्न पाइने छैन ।

घ) कामदारहरुको कार्य सम्पादनका सम्वन्धमा मासिक रुपमा ठेकेदारले आफ्नो तर्फबाट नियमित अनुगमन गर्नुका साथै प्राधिकरणबाट समेत जानकारी लिनुपर्नेछ ।

ङ) प्राधिकरणबाट गरिने अनुगमन तथा सुपरीवेक्षणको क्रममा कुनै कामदारबाट जानीजानी त्रुटीपूर्ण कार्य भएको पाइएमा त्यस्ता कामदारको गलत कार्यबाट पुग्न गएको क्षति, सुधार गराउने जिम्मेवारी तथा त्यस्तो त्रुटिपूर्ण कार्यबाट प्राधिकरणलाई भएको हानि नोक्सानीको क्षतिपूर्तिको दायित्व समेत सम्वन्धित ठेकेदारको नै हुनेछ ।

च) आफूलाई तोकिएको जिम्मेवारी सम्पादन गर्ने सम्वन्धमा वा आफूलाई नतोकिएको जिम्मेवारी कुनै कामदारबाट जानीजानी त्रुटीपूर्ण कार्य गरेको पाइएमा पहिलो पटक क्षतिको मुल्याङ्कन अनुसार र दोश्रो पटक क्षतिको मुल्याङकनको दोब्बर रकम ठेकेदारबाट असुल उपर गरी सम्झौता समेत तोड्न सकिनेछ ।

छ) ठेकेदारबाट नियुक्त कामदारलाई नेपाल सरकारले समय समयमा तोकेको न्यूनतम वेतन भन्दा कम नहुने गरी पारिश्रमिक तथा प्रत्येक वर्ष १ महिनाको वेतन वरावरको चाडपर्व खर्च ठेकेदारले नै अनिवार्य रुपमा उपलव्ध गराउनु पर्नेछ । यसरी न्यूनतम वेतन र चाडपर्व खर्च सम्वन्धित कामदारलाई उपलव्ध गराए/नगराएको विषयमा कार्यालयले सोको प्रमाणित कागजात माग गर्न सक्नेछ । चाडपर्व खर्च कार्यरत कामदारले एक वर्ष पूरा काम गरेको आधारमा ठेकेदारलाई करार शुरु भएको पहिलो वर्ष समाप्त भएपछि आउने पहिलो महिनामा र दोश्रो वर्षको अन्तिम महिनाको बिलसँगै भुक्तानी दिइनेछ ।

ज) प्राधिकरणको काममा खटिएका कामदारको कामको शिलशिलामा कुनै किसिमको दुर्घटना भएमा समेत त्यस सम्बन्धी सम्पूर्ण जिम्मेवारी तथा जवाफदेहिता ठेकेदारको हुनेछ । त्यस्ता कामदारहरुको वार्षिक रु. ५० हजार वरावरको औषधोपचार बीमा तथा रु.२ लाख वरावरको सामूहिक दुर्घटना विमा सम्वन्धित ठेकेदारबाट काममा खटाउनु पूर्व गर्नुपर्नेछ ।

झ) प्राधिकरणले निर्धारण गरेको हाजिरी ब्यवस्था अनुसार कार्यालय आएको र गएको समय जनिने गरी नियमित रुपमा ठेकेदारबाट नियुक्त कामदारहरुले हाजिर गर्नुपर्नेछ ।

`

ञ) ठेकेदारबाट नियुक्त कामदारहरुलाई प्राधिकरणले आफ्नो आवश्यकता अनुसार कुनैपनि शिफ्टको काममा लगाउन सक्नेछ । यसरी काममा लगाउँदा सामान्यतया प्रतिदिन ८ (आठ) घण्टामा नबढ्ने गरी शिफ्ट कायम गरिनेछ । कुनै कारणवश तोकिएको समय भन्दा बढी अवधि काममा लगाउनु परेमा सोको लागि प्राधिकरणको तर्फबाट अतिरिक्त रकम (Overtime) उपलब्ध गराइनेछ ।

ट) कामदारहरुको लागि आवश्यक सामानहरु जस्तै पोशाक, परिचय पत्र, रेनकोट, टर्च लाईट, गमबूट, व्याग, कलम, मसी, सवारी सुविधा(साईकल आदि), पञ्जा, सुरक्षा बेल्ट, डोरी आदिको व्यवस्था  ठेकेदारले नै गर्नुपर्नेछ ।

ठ) कामदारहरुले कार्यालयमै रहेर अनवरत कार्य गर्नु पर्ने भएमा त्यस्ता कामदारहरुलाई बस्ने ठाउंको व्यवस्था प्राधिकरणले गर्नेछ ।

ड) जिम्मेवारी प्राप्त गर्ने कामदारले आफूलाई सुम्पिएको कार्य राम्रो संग गरेको छैन भन्ने प्राधिकरणलाई लागेमा सोको लिखित सूचना सम्वन्धित ठेकेदारलाई दिनेछ । त्यस्तो सूचना प्राप्त हुनासाथ ठेकेदारले  सो व्यक्तिलाई हटाई अर्को उपयुक्त व्यक्तिको व्यवस्था गर्नु पर्नेछ ।

ढ) काम विशेष वा अस्वस्थताका कारण कामदारले कार्य गर्न नसकेको अवस्थामा कार्यसम्पादनमा अवरोध नहुने तथा प्राधिकरणले तोकेको समयसीमा र जिम्मेवारीमा असर नपुग्ने गरी सुचारु रुपमा कार्य सम्पादनको लागि अतिरिक्त कर्मचारीको व्यवस्था ठेकेदारले नै गर्नुपर्ने छ ।

ण) ठेकेदारबाट कुनै रकम असुल गर्नुपर्ने भएमा त्यस्तो रकम निजले पेश गरेको धरौटी र परफरमेन्स बण्डबाट असुल उपर गरी लिईने छ । त्यसबाट पनि नपुग हुने रकम सरकारी बांकी बक्यौता सरह असुल उपर गरि लिईने छ ।

त) कार्यालयका कर्मचारीको उपस्थितिमा बाहेक कार्यालय बन्द रहेको अवस्थामा अनुमति विना कार्यालयको ढोका खोली कुनै कार्य गर्न पाइनेछैन ।

थ) प्राधिकरणले उपलव्ध गराएको अवस्थामा बाहेक कामदारले कार्यालयको कर्मचारीले प्रयोग गर्ने टेवल,    मेच, उपकरण आदि प्रयोग गर्न पाउनेछैन ।

द) आफ्नो जिम्मामा रहेका उपकरण तथा सामग्री बाहेक कार्यालयको अनुमति वेगर कार्यालयको कुनै मालसामान प्रयोग गर्न वा लैजान पाइने छैन । आफ्नो जिम्मामा रहेका उपकरण तथा सामग्रीहरु समेत कार्यालयको प्रयोजन बाहेक अन्य उपयोगमा ल्याउन पाइने छैन र त्यस्ता उपकरणहरुको सुरक्षा गर्ने जिम्मेवारी समेत कामदारको नै हुनेछ ।

ध) प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताले सम्झौताको अवधि तथा सो पश्चात् ठेकेदारको तर्फवाट नियुक्त कामदारहरुले नेपाल विद्युत प्राधिकरणको कार्य गरेकै आधारमा यसै कार्यालयमा काम गरि पाउन वा सुविधा र शर्तहरुको बृद्धिका सम्वन्धमा कार्यालय कम्पाउण्ड भित्र थुनछेक, धर्ना, हड्ताल वा कलम बन्द गर्न पाइने छैन र अग्रिम जानकारी नगराई वा कार्यालयको स्वीकृति नलिई कुनै पनि अवस्थामा आफ्नो जिम्मेवारी अनुसारको कार्य बन्द गराउन पाइने छैन भन्ने व्यहोरा समेतको शर्त रहेको करारनामा (सेवा प्रदायक र कामदारवीच भएको) समेत पेश गर्नुपर्नेछ ।

न) प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताले सम्झौता गर्दाको बखत कामदारको लागि प्रस्तावमा उल्लेख भए बमोजिमको आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि कार्यालयमा पेश गर्नु पर्नेछ ।

प) कार्यमा खटिने व्यक्ति (कामदार) को यस कार्यालयवाट तोकिएको फर्मेटमा फोटो र आवश्यक विवरण सहित प्रमाणित कागजातहरु पेश गर्नु पर्नेछ  ।

फ) प्रस्तावित कामदारको संख्याको कम्तीमा ४० प्रतिशत समाजका विपन्न वर्गको प्रतिनिधित्व अनिवार्य रुपमा गर्नुपर्नेछ । विपन्न वर्गको नागरिक भएको व्यहोरा सम्वन्धित स्थानीय निकायले प्रमाणित गरेको सक्कल प्रति पेश गर्नुपर्नेछ । प्रस्तावदाताले करार गर्दाका वखत यस प्रावधान अनुसारका विपन्न वर्गका नागरिक आपूर्ति गर्ने कागजात पेश नगरेमा त्यस्तो प्रस्तावदाताको बिड वण्ड जफत गरी निजसँग सम्झौता गरिने छैन ।

ब) प्रस्तावदाताले आफ्नो प्रस्ताव फिर्ता वा संशोधन गर्न चाहेमा प्रस्ताव दर्ता गर्ने अन्तिम मिति भन्दा २४ घण्टा अगावै गर्नुपर्नेछ ।

भ) कामदारले प्रयोग गर्ने प्राधिकरणको चल अचल सम्पत्ति विगारेमा, नासेमा वा हानी नोक्सानी हुने कुनै कार्य गरेमा त्यसको जिम्मेवारी ठेकेदारले नै लिनुपर्नेछ । ठेकेदारले सो वापतको रकम भुक्तानी नगरेमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

म) मादक पदार्थ, लागू औषध जस्ता पदार्थ सेवन गरी कार्य गरेमा वा अन्य जिम्मेवारीको काम लापरवाहीपूर्ण ढंगले काम गर्दा उत्पन्न हुने हानी नोक्सानीको जिम्मेवारी ठेकेदारले नै लिनुपर्नेछ ।

**१३. प्रस्ताव दाखिला गर्नेः**

प्रस्ताव खामवन्दी गरी लाहाछाप लगाई सूचना नम्बर, सम्बन्धित कार्यको छोटकरी विवरण तथा प्रस्तावदाता संस्था/फर्म/कम्पनीको नाम र ठेगाना उल्लेख गरी नेपाल विद्युत प्राधिकरण ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, आयोजना विकास विभागमा दर्ता गर्नु पर्नेछ ।

**१४. प्रस्तावमा हुने भिन्नताको मूल्यांकनः**

यदि परिमाणको मूल्य पत्रमा उल्लेखित कुनै कार्य (आइटम) को कूल रकम र सोही आइटमको कार्य परिमाणलाई कबुल गरेको इकाई दरले हिसाब गर्दा फरक पर्न गएमा इकाई दरले परिमाणलाई गुणा गर्दा आउने रकमलाई नै ठीक रकम मानी सच्याइनेछ र प्रस्तावमा लेखिएको कुल मूल्य सोही बमोजिम संशोधन हुनेछ । रकम उल्लेख गर्दा प्रति कामदार मासिक ज्यालादर अंक र अक्षरमा लेखिएको हुनुपर्नेछ । इकाई दरको आधारमा मूल्यांकन गरी अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । हालको अनुमानित लागत रकम प्रस्ताव आव्हान प्रयोजनको लागि मात्र हो । यसमा समय समयमा घटवढ तथा परिस्थिति अनुरुप हुन सक्नेछ ।

**१५. सूचना पठाउने ठेगानाः**

प्रस्तावदाताले प्रस्ताव साथ निजलाई पत्र व्यवहार गर्न सजिलो हुने ठेगाना (म.न.पा./न.पा./गा.वि.स., रोड नं., घर नं. आदि लोकेशन स्केच सहित उल्लेख गर्नु पर्नेछ र सो ठेगानामा बुझाएको वा रजिष्टरी डाँकद्वारा पठाइएका पत्रहरु निज कहाँ समयमा नै पुगेको मानिने छ । साथै Fax no., e-mail Address उल्लेख गरेकोमा सोही ठेगानामा e-mail वा FAX गरेमा सो समेत निजको ठेगानामा पुगेको मानिनेछ ।

**१६. प्रस्ताव अस्वीकृत हुनेः**

निम्न कारणहरुबाट प्रस्ताव अस्वीकृत हुनेछ :

क) कार्यालयबाट प्राप्त गरेको सक्कल शिलवन्दी दरभाउपत्र दाखिला नगरेमा ।

ख) एउटाको नामबाट खरीद भएको शिलवन्दी दरभाउपत्र अर्कोको नाममा दाखिला भएमा ।

ग) माग गरिए अनुसारको विडवण्ड (रकम वा वैंक ग्यारेण्टी) प्रस्ताव साथ संलग्न नभएमा ।

घ) प्रस्ताव शिलबन्दी नभएमा ।

ङ) प्रस्ताव फाराम र सो साथ संलग्न परिमाणको मूल्यपत्र तथा अन्य निर्दिष्ट ठाउंमा प्रस्तावदाताको सहीछाप नभएमा ।

च) प्रस्ताव हुलाक, कुरियर वा अन्य यस्तै माध्यमवाट प्राप्त हुन आएमा ।

छ) एउटै प्रस्तावदाताले आफ्नो र अरुको नामबाट समेत एक भन्दा बढी प्रस्ताव दाखिला गरेमा ।

ज) प्रस्तावदाताले प्रस्ताव साथ कुनै शर्त राख्न नपाउने हुंदा त्यस्तो थप शर्त उल्लेख गरी प्रस्ताव दाखिला हुन आएमा ।

झ) तोकिएको मिति र समय भित्र प्रस्ताव दाखिला हुन नआएमा ।

ञ)	प्रस्ताव साथ आपूर्ति गर्ने कामदारको कम्तीमा ४० प्रतिशत समाजका विपन्न वर्गको प्रतिनिधित्व रहने छ भन्ने व्यहोराको स्वघोषणा पत्र पेश नगरेमा (स्वघोषणा पत्रको नमूना अनुसूची...मा छ) ।

ट)	यस शिलवन्दी दरभाउपत्र वा वोलपत्र कागजातमा अन्यत्र उल्लेख भएका अन्य सारभूत शर्तहरु पूरा नभएमा ।

१७. **प्रस्ताव रद्ध गरिने:**

यदि प्रस्तावदाताले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रस्ताव दर्ता गर्न अवरोध खडा गरेमा वा प्रस्ताव स्वीकृत गर्न दवाव दिएमा प्रस्ताव रद्ध गरिनेछ ।

१८. **करहरु व्यहोर्ने :**

प्रस्तुत प्रस्ताव अनुसार सेवा करारमा गर्ने कामका लागि लाग्ने करहरु निम्न अनुसार हुनेछ ।

क)	**मूल्य अभिबृद्धि कर (VAT)**

यदि मूल्य अभिबृद्धि कर (भ्याट) लाग्ने भएमा ठेकेदारको प्रत्येक रनिङ विलमा मु.अ.कर रकम भुक्तानी गरिने छ र सो रकम ठेकेदारले नेपाल सरकारको आन्तरिक राजश्व कार्यालयमा नियमानुसार दाखिला गर्नु पर्नेछ । उक्त मूल्य अभिवृद्धि कर प्रस्ताव (दरभाउपत्र) र विलमा प्रष्टसँग उल्लेख भएको हुनु पर्नेछ ।

ख)	**श्रोतमा कर कट्टी (TDS):**

नेपाल सरकारको नियमानुसार ठेक्का विल रकमबाट श्रोतमा कर कट्टी (TDS) गरिने छ ।

ग)	**अन्य करहरु:**

माथि उल्लेखित करको अतिरिक्त प्रचलित ऐन, कानून अनुसार लाग्ने अन्य करहरु सबै ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

१९. **अभिप्राय पत्र (लेटर अफ इन्टेन्ट):**

प्रस्ताव स्वीकृत भैसके पछि सम्बन्धित प्रस्तावदातालाई प्रस्ताव स्वीकृत भएको अभिप्राय पत्र (लेटर अफ इन्टेन्ट) दिइने छ । यस पत्रमा सेवा करार सम्झौता गर्नको लागि परफरमेन्स बण्ड सहित कार्यालयले तोकेको समयावधि भित्रमा ठेक्का सम्झौता गर्न आउन जानकारी  दिइनेछ र निर्धारित समयमा नआएमा विडवण्ड जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

२०. **कार्यसम्पादन जमानत (परफरमेन्स बण्ड) :**

अभिप्राय पत्र (लेटर अफ इन्टेन्ट) प्राप्त गरेपछि ठेकेदारले प्रस्तावमा आफूले  कबोल गरेको रकमको *५ प्रतिशतका दरले हुन* आउने रकम कार्यालयले अभिप्राय पत्रमा उल्लेख गरे बमोजिमको बैंकमा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल स्थित वाणिज्य बैंकवाट कार्यालयको नाउँमा जारी गरेको सो रकम वरावरको शर्तरहित बैंक जमानी पत्रसाथ सेवा करार सम्झौता गर्न कार्यालयमा उपस्थित हुनुपर्नेछ ।
बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अंक कवोल गरेमा कबुल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पाँच प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत राख्नु पर्नेछ । यसरी पेश गर्ने कार्यसम्पादन जमानतको अवधी  आपूर्ति गर्ने कामदारहरुको करार अवधि भन्दा एक महिना बढी हुनु पर्नेछ ।
नेपाल सरकारले समयानुसार न्युनतम वेतन वृद्धि गरेको अवस्थामा ठेक्का रकम बृद्धी हुन गएमा सो बृद्धी भए अनुसारको थप कार्य सम्पादन जमानत सम्झौता अवधिभरको लागि पेश गर्नुपर्नेछ ।

२१. **प्रस्ताव स्वीकृत:**

कूनै कारण जनाई वा नजनाई प्राप्त प्रस्ताव सम्पूर्ण वा आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार प्राधिकरणमा सुरक्षित रहने छ ।

२२. **भूक्तानी सम्वन्धी व्यवस्था :**

सम्पन्न कार्यको भुक्तानी गर्ने तरीका निम्न अनुसार हुनेछ-

क) फिल्डमा कार्य गर्ने कामदार र कार्यालयमा बसी काम गर्ने कामदारहरुको मासिक हाजिरी बिवरण संलग्न गरी भ्याट बिल सहित भुक्तानीको लागि निवेदन दिनुपर्नेछ । प्रत्येक महिना कामदारको सुपरीवेक्षण गर्ने नेपाल विद्युत प्राधिकरणका पदाधिकारीको सिफारिसमा सम्बन्धित कार्यालय प्रमुखले प्रमाणित गरे पछि मासिक रुपमा तोकिए अनुसार भुक्तानी गरिनेछ ।

ख) भुक्तानी गर्दा विल रकमको ५ प्रतिशतले हुन आउने रकम सुरक्षण धरौटी वापत कट्टी गरि राखिने छ । यस्तो धरौटी रकम वारेन्टी अवधि समाप्त भए पछि र निजले सेवा दिएको आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र पेश गरेपछि निज ठेकेदारलाई फिर्ता दिइनेछ ।

ग) नेपाल सरकारवाट लागु भएको श्रोतमा कर कट्टी (TDS) लगायत प्रचलित अन्य कर प्रत्येक विलबाट कट्टा गरिने छ ।

घ) यस सम्वन्धमा कार्यालयबाट गरिने भुक्तानी सम्वन्धित कम्पनीको नाममा मात्र गरिनेछ ।

ङ) कार्यालयको सम्वन्धित निकटतम सुपरीवेक्षकले प्रत्येक ६/६ महिनामा कामदारको कार्य सम्पादनका सम्वन्धमा आफ्नो राय कार्यालय प्रमुख समक्ष पेश गर्नेछ र सो को जानकारी ठेकेदारलाई गराइनेछ ।

च) यो प्रस्तावको विभिन्न बुँदाहरुमा भएको प्रावधान विपरीत कार्य भएमा क्षतिपूर्ति कट्टा गर्न वा भुक्तानी नदिन सकिनेछ ।

२३. **कार्य सम्पन्न गर्नुपर्ने अवधिः**

प्रस्तावदाताले सेवा करार सम्झौता भै कार्य आरम्भ पत्र प्राप्त गरेपछि सोही बमोजिमका जनशक्ति तोकिएको समयमा आपूर्ति गरिसक्नुपर्नेछ ।

२४. **परिचयपत्र वनाउनु पर्ने :**

ठेकेदारले राखेका कामदारको वायोडाटा, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिको आधारमा व्यक्तिहरुलाई परिचयपत्र अनिवार्य रुपमा जारी गर्नु पर्नेछ । सो परिचय पत्रमा कार्यालयबाट ६/६ महिना सम्मको अवधिको लागि समय तोकी प्रमाणित गरिने छ । ठेकेदारबाट नियुक्ति भएका कामदारहरु हटेमा वा सम्झौता अवधि समाप्त भएपछि जारी भएका परिचयपत्रहरु कार्यालयमा फिर्ता दाखिला गर्नु पर्नेछ । ठेकेदारले नियुक्त गरेका कामदार काम छोडी भागि गएमा सो को जानकारी तत्काल कार्यालयमा गराउनु पर्नेछ र कार्यालयले उक्त परिचयपत्र रद्द भएको सार्वजनिक सूचना ठेकेदारको खर्चमा गर्नेछ ।

२५. **सम्झौता तोड्न सक्ने :**

निम्न स्थितिमा सम्झौता तोड्न सकिने छ ।

क) **खराव आचरण :**

ठेकेदार वा निजले नियुक्ति गरेका कामदार वा व्यक्तिले ग्राहकसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्यालयलाई हानी नोक्सानी हुने गरि रै रकम, उपहार वा अरु कुनै आर्थिक लाभ लिएमा खराब आचरण (Misconduct) गरेको मानिने छ र सो कुरा प्रमाणित हुन गएमा सम्झौता तोड्न सकिनेछ । कार्यालयले निर्धारण गरे अनुसारको काम नगरेमा, कामदारले पालना गर्नुपर्ने आचरण पालना नगरेमा प्रचलित ऐन, विनियम अनुसार कारवाही गरिनेछ ।

ख) **Sub Contracting:**

ठेकेदारले सेवा करार सम्झौता गरिसकेपछि सो कार्य Sub contract मा दिन पाइने छैन । कार्यालयमा पेश गरिएका नामावली वाहेक अन्य व्यक्तिबाट कार्यालयको काम गराएको पाइएमा यस्तो ठेक्का तोडिनेछ र प्रचलित ऐन नियम, विनियम अनुसार क्षतिपूर्ति भराइ कारवाही गरिनेछ ।

ग) **सम्झौताका शर्त अनुसारको कार्यः**

यो सेवा करार सम्झौताको शर्त अनुसार काम शुरु नगरेमा वा बीचमा छाडेमा वा सेवा करार सम्झौता अनुसार काम नगरेमा सम्झौता तोड्न सकिनेछ ।

घ) **कार्य अवधिमा ढिलाईः**

सेवा करार सम्झौतामा तोकिएको कार्य समयमा सम्पन्न नगरेमा ठेकेदारलाई लिखित सूचना दिई सम्झौता तोड्न सकिनेछ । यसबाट पर्न गएको हानी नोक्सानी यो सम्झौता तथा प्रचलित कानून अनुसार ठेकेदारबाट असुल उपर गरिनेछ ।

ङ) **ग्राहकबाट वा अन्य व्यक्तिबाट पटक पटक कार्य सम्पादन नभएको गुनासो आएमा :**

समयमा नै गर्नुपर्ने कार्य नगरेको भन्ने ग्राहकवर्गबाट गुनासो प्राप्त हुन आएमा ठेकेदारलाई ग्राहक समक्ष उपस्थित गराई छानविन गरिनेछ र कार्य विवरण अनुसार गर्नुपर्ने कार्य नगरेको वा हानी नोक्सानी भएको ठहर भएमा ठेकेदारको विल रकमवाट कट्टा गरी असुल उपर गरिनेछ । सो कार्यवाट ग्राहकवर्गमा पर्न गएको हानिनोक्सानीको क्षतिपूर्ति ठेकेदारले व्यहोर्नु पर्नेछ । यस्तो कार्य पटक पटक भएमा सम्झौता भङ्ग गर्न सकिने छ ।

च) **प्राविधिक कार्य वा सवारी साधन चलाउने कार्य कार्यालयबाट गर्ने नीतिगत निर्णय भएमा**

प्राविधिक कार्य वा सवारी साधन चलाउने कार्य कार्यालयले नै गर्ने/गराउने भन्ने नीतिगत निर्णय वा जनशक्ति व्यवस्थापन भएमा सोको सूचना ९० (नब्बे) दिन पहिले दिएर सम्झौता भङ्ग गर्न सकिनेछ तर यसरी सम्झौता भङ्ग भएको कारणले मात्र ठेकेदारको दायित्व घट्ने छैन ।

छ) **विद्युत अनियमितता तथा दुरुपयोग सम्बन्धमा**

ग्राहकलाई विद्युत अनियमितता तथा चुहावट गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न वा सहयोग गरेको पाइएमा ।

२६. **काबु बाहिरको परिस्थितिः**

ठेकेदारले आफनो काबु बाहिरको कारण (जस्तै दैवी प्रकोप, बन्द, हड्ताल, भुकम्प, बाढी पहिरो, युद्ध, नाकाबन्दी, विष्फोटन, महामारी आदि) बाट कार्यालयको काममा ढिलाई भएमा ठेकेदारले आफ्नो जिम्मेवारी पूरा नगरेको मानिने छैन तर त्यस्तो परिस्थितिको लिखित जानकारी तत्कालै कार्यालयलाई गराई कार्य सम्पादन गर्नको लागि गरिएको प्रयासका सम्वन्धमा जानकारी गराउनु पर्नेछ ।

२७. **सम्झौता अवधिमा मूल्य परिवर्तनः**

सम्झौता अवधिमा ठेकेदारले कार्यालयको कार्यको लागि कबुल गरेको दररेटको इकाईदर (प्रति कामदार) रकममा घटबढ हुने छैन । तर परिमाणको प्रयोग वा मागको आधारमा कूल कबोल गरेको रकममा थपघट हुनेछ । यसरी परिमाणमा भएको थपघटको कारणले कबोल रकममा भएको घटबढ समेत यसै सम्झौता बमोजिम भएको मानिनेछ ।

ठेक्का सम्पन्न भई कार्यान्वयनको क्रममा रहेकै अवस्थामा नेपाल सरकारले न्युनतम वेतन परिवर्तन गरी कामदारको पारिश्रमिक बृद्धी गरेमा जे जति प्रतिसतमा वेतन बृद्धि भएको छ सोहि प्रतिसतमा ठेक्का रकम बृद्धि गरी भुक्तानी दिईनेछ ।

२८. **सम्झौताको अवधि र नवीकरण :**

यो सम्झौताको अवधि २ (दुई) वर्षको हुनेछ । सेवा अवधिको कार्य सम्पादन सन्तोषजनक भएमा नेपाल विद्युत प्राधिकरणलाई थप आर्थिक व्ययभार नपर्ने गरी पुन: एक पटक एक अवधि थप गर्न सकिनेछ ।

**२९. कार्य सम्पादनको शिलशिलामा हुने अन्य क्षतिः**

कार्यालयको कामको सिलसिलामा ठेकेदारको तर्फबाट गरिने कार्यमा कुनै पनि किसिमको क्षति हुन गई सोको क्षतिपूर्ति तेश्रो पक्ष समेतलाई तिर्नुपर्ने भएमा ठेकेदार स्वंयले व्यहोर्नु पर्नेछ ।

**३०. यस सम्झौतासंग सम्बन्धित कानुनी शर्तहरुः**

यस सम्झौतासंग सम्वन्धित विषयमा कुनै पनि प्रकारको कानूनी कुराहरु उठ्न गएमा प्रस्तावमा उल्लेख भएकोमा सोही बमोजिम र नभएकोमा करार ऐन, २०५६ तथा अन्य प्रचलित ऐन, नियम तथा विनियम अनुसार हुनेछ ।

**३१. कामको गुणस्तरः**

ठेकेदारले आफुलाई सुम्पिएको कार्य प्रस्तावमा उल्लेख भएका शर्त अनुसार गुणस्तरयुक्त कार्य सम्पादन गर्नुपर्नेछ ।

**३२. निषेध :**

ठेकेदार तथा ठेकेदारको तर्फवाट कार्यरत कामदारहरुले कार्यालयसंग सम्वन्धित कार्य गरेको आधारमा यसै कार्यालयमा काम गरि पाउन वा सुबिधा र शर्तहरुको बृद्धिलाई लिएर कार्यालय कम्पाउण्ड भित्र थुन छेक, धर्ना, हडताल वा कलम बन्द गर्न पाईने छैन । अग्रिम जानकारी नगराई वा कार्यालयको स्वीकृत नलिई कुनै पनि अवस्थामा कार्यालयको नियमित कार्य बन्द गराउन पाइने छैन ।

**३३. अनुगमन तथा निरीक्षण सम्वन्धि व्यवस्था :**

ठेकेदारको काम कार्यवाहीलाई प्रभावकारी अनुगमन गर्ने उद्देश्यले सम्वन्धित फाँटमा कार्य निरीक्षण तथा अनुगमन इकाई गठन गरी वा सोको लागि एक जना कर्मचारीलाई जिम्मेवारी तोकिनेछ । सो कर्मचारीले ठेकेदारको काम कार्यवाही सन्तोषजनक रुपमा भैरहेको छ/छैन भन्ने विषयमा यस सम्झौंतामा उल्लेख भए बमोजिम विच विचमा छड्के गरी वा कुनै क्षेत्र निरीक्षण गरि प्रतिवेदन पेश गर्ने छ । त्यस्तो निरीक्षणको क्रममा ग्राहक/सेवाग्राही समेतसँग प्रतिक्रिया लिन सक्नेछ ।

**३४. विशेषाधिकार :**

कामदारको कार्य सम्पादन सन्तोषजनक नभएमा वा विना सूचना (३) तीन दिनसम्म कार्यालयमा पूरै वा आंशिक रुपमा कामदार आपूर्ति नगरेमा वा विना सूचना (३) तीन दिनसम्म कार्यालयमा कामदार उपस्थित नभएमा कार्यालयले जुनसुकै बखत एकतर्फी ढङ्गवाट सम्झौता तोडी अर्को पक्षबाट कार्य गराउन सक्नेछ । यसरी कार्य गराउँदा ठेकेदारको बोल कवोल दररेट भन्दा बढी खर्च भएको फरक रकम ठेकेदारले बुझाएको परफरमेन्सवण्ड, रिटेन्सनमनी र अन्य प्रचलित कानून अनुसार असुल उपर गरिने छ । यसको जानकारी कार्यालयले ठेकेदारलाई दिनेछ । यस विषयलाई लिएर कार्यालयमा वादविवाद गर्न, काममा अवरोध गर्न वा अन्य निकायमा उजुरवाजुर गर्न पाइने छैन ।

# अनुसूची १

## (शिलवन्दी दरभाउपत्र कागजातको दफा नं.१० सँग सम्वन्धित)

**कामदारको आवश्यक न्युनतम योग्यताः**

**तह-३ को सवारी चालक (कामदार) को लागि न्यूनतम योग्यताः**

- साधारण लेखपढ गर्न सक्ने र Light वा Heavy सवारी चालक अनुमति पत्र प्राप्त गरेको ।
- अनुमतिपत्र नवीकरण गरेको हुनुपर्दछ ।
- नेपाली नागरिक हुनु पर्दछ ।
- उमेर ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।
- मानसिक सन्तुलन ठीक भएको हुनु पर्नेछ ।
- कुनै पनि किसिमको फौजदारी अभियोगमा कसूरदार प्रमाणित नभएको हुनु पर्दछ ।
- नेपाल सरकारको मान्यता प्राप्त अस्पताल वा नर्सिङ.होममा स्वास्थ्य परीक्षण गरी शारीरिक रुपमा तन्दुरुस्त भएको तथा नशालु पदार्थ सेवन नगरेको व्यहोरा खुल्ने सक्कल प्रमाणपत्र पेश गर्नुपर्दछ ।

# अनुसूची २

## (शिलवन्दी दरभाउपत्रोलपत्र कागजातको दफा नं.११ सँग सम्वन्धित)

## कामदारको कार्य विवरण नमूना

**<u>सवारी चालक तह ३ का कामदारले गर्नुपर्ने कार्यहरु:</u>**

प्राधिकरणको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष सुपरिवेक्षण तथा निर्देशनमा तह ३ का सवारी चालकले निम्नानुसारका कार्य गर्नु पर्नेछ ।

- कार्यालयका अधिकार प्राप्त अधिकारीलाई निजको निवासवाट कार्यालय र कार्यालयबाट निवाससम्म ल्याउने तथा पुऱ्याउने ।
- प्राधिकरणको कामको शिलशिलामा विभिन्न कार्यालय तथा स्थानहरुमा सवारी चलाई जाने आउने ।
- प्राधिकरणको सम्वन्धित कार्यालयले उपलब्ध गराएको सवारी साधन सोही कार्यालयको कामको शिलशिलामा प्रयोग गर्ने साथै तोकिएको स्थानमा पुनः पार्किङ्ग गर्ने ।
- आफ्नो जिम्मामा रहेको सवारी साधन, अन्य यन्त्र, उपकरण तथा सामाग्रीहरु कार्यालयको कार्य प्रयोजनमा मात्र प्रयोग गर्ने साथै सोको मरमत संभार तथा सुरक्षा गर्ने ।
- कुनै ग्राहकले विद्युतको चुहावट/चोरी/अनाधिकार उपयोग गरेको जानकारी प्राप्त भएमा सोको जानकारी कार्यालय प्रमुखलाई गराउने ।

**अनुसूची-३**
**(शिलवन्दी दरभाउपत्र कागजातको दफा नं.६ सँग सम्वन्धित)**
**बिल अफ क्वान्टिटी**

# नेपाल विद्युत प्राधिकरण

| क्र.सं. | सेवा करारको क्षेत्र | कूल माग संख्या | इकाई दररेट | | जम्मा लागत (रु.मा) |
|---|---|---|---|---|---|
| | | | अंकमा (रु.) | अक्षरमा | |
| १ | तह ३ सवारी चालक (कामदार) | ३ (तिन) | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| २ | **आइटमको जम्मा** | | | | |
| ३ | औषधि उपचार, विमा प्रिमियम | | | | |
| ४ | दुर्घटना विमा प्रिमियम | | | | |
| ५ | **आइटमको जम्मा (२ देखि ४)** | | | | |
| ६ | **ठेकेदारको ओभरहेड (१५ प्रतिशत)** | | | | |
| ७ | **आइटमको जम्मा (५ देखि ६)** | | | | |
| ८ | **मूल्य अभिवृद्धि कर (१३ प्रतिशत)** | | | | |
| ९ | **कूल जम्मा (७ देखि ८) मू.अ.कर समेत** | | | | |
| **अक्षेरेपीः** | | | | | |